प्र.स.श्री.प्र
एक प्रति सचिवालयमा उद्योग मन्त्रालय
श्री.का.गर्ने।
३/१०/१०

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(.......मं.प.समिति तथा सं.निकाय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ४२/०७२

च.नं. : ४२५२

मिति : २०७२।१०।०३

श्री सचिवज्यू ,
उद्योग मन्त्रालय।

मिति २०७२।१०।३ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम पाँच वर्षे (पहिलो संशोधन) रणनीतिक योजना, २०७२ स्वीकृत गर्ने विषयको उद्योग मन्त्रालयको नं. ३।२६-०७२।९।१७ को प्रस्ताव मं.प.बै.सं. ५६-०७२ मिति २०७२।९।२१ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार आजको बैठकमा छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरुसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ सँलग्न "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम पाँच वर्षे (पहिलो संशोधन) रणनीतिक योजना, २०७२" स्वीकृत गर्ने ।

(केदार बहादुर अधिकारी)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम पाँच वर्षे (पहिलो संशोधन) रणनीतिक योजना, २०७२

(१) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ५ वर्षे रणनीतिक योजना (२०७०/७१–२०७४/७५) (यसपछि "रणनीतिक योजना" भनिएको) को बुँदा नं. १.४ को पहिलो अनुच्छेदको पहिलो वाक्यमा रहेको "गरिबी निवारणका लागि लघु उद्यम विकास" भन्ने शब्दहरु पछि "(Micro Enterprise Development for Poverty Alleviation)" भन्ने शब्दहरु थप्ने र यसपछि संक्षिप्तमा "मेडपा (MEDPA)" भनिने।

(२) रणनीतिक योजनाको बुँदा नं. २.२ को पहिलो अनुच्छेदको दोस्रो वाक्यमा रहेका "मेडेप चौथो चरण" भन्ने शब्दहरु पछि "तथा मेडपा कार्यक्रम" भन्ने शब्दहरु थप्ने।

(३) रणनीतिक योजनाको बुँदा नं. २.२ को तालिका २.२.क पछि रहेको "उल्लेखित तालिकामा आगामी ५ वर्षभित्र सम्पन्न गर्ने कार्यक्रमहरु मध्ये सि. नं. ३.१ बाहेकका अन्य कार्यक्रमहरु मेडेप चौथो चरण अन्तर्गतको बजेट तथा स्थानीय निकायको स्रोतबाट कार्यान्वयन गरिनेछन्" भन्ने वाक्यांश झिक्ने।

(४) रणनीतिक योजनाको बुँदा नं. २.३ मा रहेका "उद्योग मन्त्रालयको योजना तथा नीति विश्लेषण महाशाखाका सहसचिवले" भन्ने शब्दहरुको सट्टा "उद्योग मन्त्रालयले तोकेको सहसचिवले" भन्ने शब्दहरु राख्ने।

(५) रणनीतिक योजनाको बुँदा नं. २.५ मा रहेका "अनुसूची ५" भन्ने शब्दहरुको सट्टा "अनुसूची–६" भन्ने शब्दहरु राख्ने।

(६) रणनीतिक योजनाको बुँदा नं. ३.१.७ मा रहेका "सहस्राब्दी विकास लक्ष्य" भन्ने शब्दहरुको सट्टा "दिगो विकास लक्ष्य" भन्ने शब्दहरु राख्ने।

(७) रणनीतिक योजनाको बुँदा नं. ३.२.१५ को दोस्रो अनुच्छेदको सट्टा देहायको अनुच्छेद राख्नेः–

"मेडपा प्याकेज कार्यक्रम नतीजामुखी उपकरार प्रकृयामार्फत कार्यान्वयन गर्न घरेलु तथा साना उद्योग विभागमा महानिर्देशकको संयोजकत्वमा र घरेलु तथा साना उद्योग विकास समितिमा कार्यकारी निर्देशकको संयोजकत्वमा सरोकारवाला निकायहरुका प्रतिनिधि संलग्न रहेको नतीजामूखी उपकरार कार्यान्वयन उपसमिति गठन गरिनेछ। उक्त उपसमितिले प्रत्येक जिल्लामा मेडपा कार्यान्वयनका लागि केन्द्रीय स्तरबाट सूचना प्रकाशन गर्ने, लघु उद्यम विकासका क्षेत्रमा अनुभवी र योग्य संस्थाको छनौट गर्ने र छनौट भएको संस्था÷वैकल्पिक संस्थाको विवरण सम्बन्धित जिल्ला उद्यम विकास समितिमा पठाउने कार्यहरु गर्नेछ। साथै नतिजामुखी उपकरार कार्यान्वयनका लागि कार्यान्वयन सहयोगी पुस्तिका तयार गरी प्रत्येक जिल्लामा पठाइनेछ।"

(८) रणनीतिक योजनाको बुँदा नं. ३.३.२ को तेस्रो अनुच्छेदको सट्टा देहायको अनुच्छेद राख्नेः–

"मेडपा कार्यक्रमलाई आन्तरिकीकरण गर्ने क्रममा आगामी पाँच वर्षमा तिन पक्षबाट लघु उद्यम विकास कोष मार्फत लघु उद्यमीहरुको सिर्जना र दिगोपनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ । नेपाल सरकारले मेडपाका लागि कम्तीमा एक अरब रुपैंयाको बजेटबाट बत्तीस हजार नयाँ लघु उद्यमीहरु सृजना गर्नेछ । मेडपालाई वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्ने दातृ निकायहरुबाट मेडेप चौथो चरणमार्फत थप तीस हजार नयाँ लघु उद्यमीहरु सृजना तथा स्तरोन्नती गरिनेछन् र स्थानीय निकायबाट विनियोजन गरिने प्रक्षेपित पूरक कोष कम्तीमा चौंतिस करोड सत्तरी लाख रुपैंयाबाट थप एघार हजार गरी आगामी पाँच वर्षमा जम्मा त्रिहत्तर हजार नयाँ लघु उद्यमीहरु सिर्जना हुने र उनन्चालीस हजार उद्यमीहरुको स्तरोन्नती हुनेछ । त्यसैगरी हाल सृजना भएका र भविष्यमा सृजना हुने उद्यमीहरुको स्तरोन्नतिका लागि थप स्रोतको व्यवस्था गरिनेछ ।"

(९) रणनीतिक योजनाको बुँदा नं. ३.३.३ मा रहेका "गाउँ" र "गाविस" भन्ने शब्दहरुको सट्टा क्रमशः "गाउँ/नगर" र "गा.वि.स./नगरपालिका" भन्ने शब्दहरु र "गा.वि.स. सचिव" भन्ने शब्दहरुको सट्टा "गा.वि.स. सचिव/कार्यकारी अधिकृत" भन्ने शब्दहरु राख्ने ।

(१०) रणनीतिक योजनाको बुँदा नं. ३.३.५ को सट्टा देहायको बुँदा नं. ३.३.५ राख्नेः–

"यो कार्यक्रमको लागि तयार गरिएको यस रणनीतिक योजनाका आधारमा आगामी पाँच वर्षमा हुने चार अरब सोह्र करोड रुपैंयाको प्रक्षेपित लगानी रकम मध्ये नेपाल सरकारले कम्तीमा पच्चीस प्रतिशत व्यहोर्ने छ भने स्थानीय निकायहरुबाट कम्तीमा आठ प्रतिशत स्रोत जुटाइनेछ । बाँकी बढीमा सत्सट्ठी प्रतिशत रकम विकास साझेदारबाट जुटाइनेछ । साथै कार्यक्रम विस्तारका लागि विकास साझेदारहरुलाई उत्प्रेरित गरिनेछ । आवश्यक पूर्वाधार र लगानी जुटाई पाँच वर्षभित्र करिब त्रिहत्तर हजार लघु उद्यमीहरु तयार गर्ने लक्ष्य रहेको यस कार्यक्रममा प्रतिवर्ष करिब तीस हजारका दरले रोजगारी सिर्जना हुनेछ ।

(११) रणनीतिक योजनाको बुँदा नं. ४.१ मा रहेका "सहसचिव, महिला तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरु पछि "सहसचिव, विज्ञान तथा प्रविधि मन्त्रालय, सहसचिव, पशुपंछी मन्त्रालय" भन्ने शब्दहरु थप्ने ।

(१२) रणनीतिक योजनाको बुँदा नं. ५ को पहिलो अनुच्छेदमा रहेको "मेडपाको लागि नेपाल सरकारको बजेट महालेखा नियन्त्रकको कार्यालयमार्फत जिल्ला विकास कोषमा प्रवाह गरिन्छ ।" भन्ने वाक्यांशको सट्टा "मेडपाको लागि नेपाल सरकारबाट विनियोजित बजेट जिल्ला विकास कोषमा उपलब्ध गराइनेछ ।" भन्ने वाक्यांश राख्ने ।

(१३) रणनीतिक योजनाको बुँदा नं. ५.१ मा रहेको "कार्यक्रमको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रण कार्यालय र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।" भन्ने वाक्यांशको सट्टा "कार्यक्रमको आन्तरिक लेखापरीक्षण स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ बमोजिम हुनेछ र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।" भन्ने वाक्यांश राख्ने ।